## बलेफी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

# लिलाम बिक्रि सम्बन्धी सूचना !

*तेश्रो पटक प्रकाशित मिति: २०७८/०१/२६ गते*

प्रस्तुत विषयमा बलेफी गाउँपालिकाको मिति २०७८/०१/१६ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार बलेफी गाउँपालिकाक्षेत्रभित्र पर्ने सुनकोशी र ब्रम्हायणी नदीबाट अबैध रुपमा संकलन गरिएको बालुवा लिलाम बढाबढद्वारा विक्री गर्नुपर्ने भएको हुनाले ईच्छुक व्यक्ति तथा फर्महरुबाट दरखास्त दिई निम्न अनुसारको शर्तहरुको अधिनमा रही बोलकबोल गर्नुहुन अनुरोध गरिन्छ ।

**शर्तहरु:**

१. बोल कबोलका लागि यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा रु. १,०००/- (अक्षरुपी एक हजार मात्र) तिरी यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्नुपर्नेछ ।

२. कम्पनी तथा फर्मको हकमा चालु आ.व.को लागि नविकरण भएको व्यवसाय दर्ता, ईजाजत पत्र, प्यान दर्ता प्रमाण पत्र र आ.व. ०७६/०७७ को कर चुक्ता प्रमाण पत्रहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

३. यो सूचना प्रकाशित भएको मितिले ९ औं दिन मध्यान्ह १२:०० बजेभित्र बलेफी गाउँपालिकामा बोलपत्र पेश गर्नुपर्नेछ । सोही दिन अपरान्ह १:०० बजे उक्त बोलपत्र बोलपत्रदाताको रोहबरमा खोलिनेछ ।

४. बोलकबोल गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट तोकिएको समयभित्र हुनेछ ।

५. लिलाम विक्री हुने बालुवा जे जस्तो अवस्थामा छ, सोही अनुसार उठाउनु पर्नेछ ।

६. बोलकबोल गरेको रकमको १० प्रतिशत धरौटी स्वरुप एन.आई.सी. एसिया बैंक लि., खाडीचौर शाखाको धरौटी खाता नं. J४CA०००३५७०५२४०५ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्नेछ ।

७. बोलकबोल स्वीकृत भएको फर्मले सम्झौता गर्न आउँदा आफूले कबोल गरेको सम्पूर्ण रकम यस गाउँपालिकाको एन.आई.सी. एसिया बैंक लि., खाडीचौर शाखामा रहेको आन्तरिक आम्दानी खाता नं. १९४CA५०००३५७०००७ मा जम्मा गरेको सक्कल भौचर समेत समावेश गर्नुपर्नेछ ।

८. यसमा उल्लेख भएका बाहेक अन्य कुराहरु आर्थिक नियमावली, २०६४ बमोजिम हुनेछ ।

९. एक वा एकभन्दा बढी स्थानको बालुवाको लागि समेत बोलकबोल पेश गर्न सकिनेछ ।

१०. बालुवा रहेको स्थान र परिमाण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | स्थान | सामग्री विवरण | बिक्री योग्य परिमाण (घ.मी.) | न्युनतम रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ओँपबोटे | अप्रशोधित बालुवा | ३५०१।५८ | १४,००,६३२/- | |
| २. | झोलुङ्गे | अप्रशोधित बालुवा | १०३३।१७ | ४,१३,२६८/- | |
| ३. | लाम्पाटा | अप्रशोधित बालुवा | १२१०।०५ | ४,८४,०२०/- | |
| | | **कुल जम्मा** | **५,७४४।८** | **२२,९७,९२०/-** | |

**- प्रमुख प्रशासकीय अधिकृत**